फोन: ०८२-५२३०७८
ईमेल hgao.tulsipur@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
# तुलसीपुर, दाङ

प.सं. :- ०८०/०८१ (प्रशासन शाखा) मिति :२०८१/०२/१४

च.नं :- १५५६ ११४४ वछलागा ४ सोमबार

बिषयः समुदायमा सरकारी वकील कार्यक्रम प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाण्डौं ।
(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

उपरोक्त सम्बन्धमा यस कार्यालयको वार्षिक कार्यक्रम अनुरुप मिति २०८१/०२/०७ गते सम्पन्न गरिएको समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन पाना ३ यसै पत्रसाथ पेश गरिएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

२०८१/२/१४

.......................

(टीका कुमारी रोका (के.सी))
सहायक न्यायाधिवक्ता

सहायक न्यायाधिवक्ता

श्री उच्च सरकारी वकील कार्यालय
तुलसीपुर, दाङ
२०१०३

# उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, दाङ

## समुदायमा सरकारी वकील कार्यक्रमको संक्षिप्त प्रतिवेदन

१. कार्यक्रमको नामः - समुदायमा सरकारी वकील कार्यक्रम

२. कार्यक्रम संचालन स्थलः – दंगीशरण गाउँपालिकाको सभाहल ।

३. मितिः - २०८१/०२/०७ गते शोमबार ।

४. कार्यक्रमको अवधिः दिन १

५. सहभागी संख्यः महिलाः- २१ पुरुषः- ५९ अन्यः-

६. कार्यक्रमको उद्देश्यः-

क) सरकारी वकील कार्यालयको संगठनात्मक संरचना र सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारवाही सम्बन्धमा समुदायलाई जानकारी गराउने ।

ख) सरकार बादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन एबं अदालती प्रकृया सम्बन्धमा जानकारी गराई तत् सम्बन्धमा स्थानिय तह, जनप्रतिनिधि र समुदायको भुमिका सम्बन्धमा जानकारी गराउने ।

७. **सहकार्य भएको निकाय तथा संस्थाः** -उच्च अदालत तुलसीपुर र दंगीशरण गाउँपालिकाको कार्यालय दाङ ।

उक्त कार्यक्रमको अध्यक्षता उच्च अदालत, तुलसीपुरका मुख्य न्यायाधीश माननिय श्री नित्यानन्द पाण्डेयज्यूले गर्नु भएको थियो भने प्रमुख अतिथी दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यू हुनुहन्थ्यो ।

८. प्रस्तुत भएका विषय र प्रस्तुतकर्ताः-

क) कार्यक्रममा सहन्यायाधिवक्ता श्री मोहन सागर बश्यालज्यूले सरकार बादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन एबं अदालती प्रकृया सम्बन्धमा जानकारी गराई तत् सम्बन्धमा स्थानीय तह, जनप्रतिनिधि तथा समुदायको भूमिकाका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

ख) कार्यक्रममा उच्च अदालत, तुलसीपुरका रजिष्ट्रार श्री खडगराज अधिकारीले अदालतको संगठनात्मक संरचना र निः शुल्क कानूनी सहायताको सम्बन्धमा जानकारी दिनु भएको थियो

९. छलफलमा उठेका मुख्य जिज्ञासा तथा विषयहरुः-

क) नवराज शर्माः- समुदायमा सरकारी वकील कार्यक्रम वर्षमा कति वटा संचालन हुन्छन र के आधारमा कार्यक्रम स्थल छनौट हुन्छ भनि जिज्ञासा राखु भएको थियो ।

ख) शोभाराम योगीः अदालतमा अंश मुद्दा चलिरहेको अवस्थामा बिवाह गर्दा बहुविवाहको मुद्दा लाग्छ कि लाग्दैन भनि जिज्ञासा राखु भएको थियो ।

ग) सीता नेपालीः- न्याय निरुपणको शिलसिलामा आर्थिक लेनदेन हुन्छ भन्ने सुनिन्छ के यो साँचो हो या होईन भनि जिज्ञासा राखु भएको थियो ।

उपरोक्त जिज्ञासाहरु सहन्यायाधिवक्ताज्यूबाट सम्बोधन भएको थियो ।

१०. प्रमुख अतिथी र अतिथिहरुबाट मन्तव्यः

कार्यक्रमका प्रमुख अतिथी दंगीशरण गाउँपालिकाका अध्यक्ष शम्भु गिरीले यस गाउँपालिका बासीलाई कानूनी जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्नु भएकोमा उच्च सरकारी वकील कार्यालय, तुलसीपुरलाई धन्यवाद ज्ञापन गर्दै मेलमिलाप सम्बन्धी तालिम दिनको लागि उच्च सरकारी वकील कार्यालय र उच्च अदालतसंग गाउँपालिकाले सहकार्य गर्न चाहेको र यसको लागि सहयोगको अपेक्षा रहेको जानकारी गराउनु भयो ।

कार्यक्रमका अतिथी उपाध्यक्ष पीमा कुमारी खड्काले यस प्रकारको कार्यक्रमले समाजमा कानूनी सचेतना ल्याउने कुरा व्यक्त गर्दै आफू पनि दंगीशरण गाउँपालिकाको न्यायीक समितिको संयोजक भएकोले न्यायीक समितिमा आउने विभिन्न उजुरीहरु निरुपन गर्न यस कार्यक्रमबाट केही जानकारी प्राप्त गर्ने अवसर प्रदान गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा पनि उच्च सरकारी वकील कार्यालयसंग सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै यस प्रकारको कार्यक्रम आयोगजना गर्नु भएकोमा उच्च सरकारी वकील कार्यालय परिवारप्रति आभार प्रकट गर्नु भएको थियो ।

अन्तमा कार्यक्रमका अध्यक्ष, उच्च अदालत तुलसीपुरका माननीय मुख्य न्यायाधीश श्री नित्यानन्द पाण्डेयज्यूले सहभागिहरुका केही जिज्ञासाहरुलाई समेटदै यस प्रकारको कार्यक्रममा सरोकारवाला एबं जनताले सहभागिता जनाउदा मौजुदा कानून एबं न्यायीक प्रकृया सम्बन्धी जानकारी प्राप्त हुने भएकोले नागरिक सुसुचित हुने अवसर प्राप्त गर्ने, दंगीशरण गाउँपालिकामा भएको यस कार्यक्रममा गाउँपालिका बासीको उल्लेख्य एबं सक्रिय सहभागी भएकोमा खुसी व्यक्त गर्दै यो कार्यक्रम सभ्य र भव्य ढंगले सम्पन्न गरेकोमा सरकारी वकील परिवार र गाउँपालिकाको कार्यालयलाई समेत धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

११. मुख्य उपलब्धीहरुः-

क) सरकारी वकील कार्यालयको संगठनात्मक संरचना र सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारवाही सम्बन्धमा जनसमुदायले जानकारी प्राप्त गरेको ।

ख) फौजदारी न्याय प्रकृयामा स्थानीय तह, जनप्रतिनिधि तथा समुदायको भूमिकाका सम्बन्धमा जानकारी प्राप्त गरेको ।

१२. **सहभागिहरुको सुझवः** यस प्रकारको कार्यक्रमबाट जनताले मौजुदा कानून र न्ययीक प्रकृयाको सम्बन्धमा जानकारी पाउने अवसर प्राप्त गर्ने भएकोले यस्ता कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्ने एबं जिल्लामा यस्ता कार्यक्रमहरु संचालन स्थल समानुपातिक रुपमा छनौट हुनु पर्ने सुझाव प्राप्त भएको ।

१३. **आयोजकको अनुभवः**

क) जनता र जनप्रतिनिधिसंग स्थानीयस्तरमा गएर कार्यक्रम गर्दा जनताहरु निकै उत्साहित भएको पाइयो ।

ख) यस प्रकारको कार्यक्रम स्थान छनौट गर्दा शैक्षिक स्तर कमजोर भएका स्थानहरुलाई र पहिले आयोजना भईसकेका स्थान बाहेकका स्थानलाई प्राथमिकतामा राख्दा उपयुक्त हुने आयोजकको अनुभव रहेको ।

संलग्न अनुसूचिहरुः

क) कार्यक्रम तालिका

ख) प्रस्तुत भएका कार्यक्रम

ग) सहभागीहरुको नामावली

घ) अन्य

**संयोजकः-** मोहन सागर बश्याल
सहन्यायाधिवक्ता

प्रतिवेदकः
(भुपेन्द्र जंग शाही)
नायब सुब्बा

(गोविन्द थापा)
नायब सुब्बा